CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #४३
२९।३।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## स्थानीय तहहरुलाई क्वारेन्टाईन स्थापना तथा व्यवस्थापन र मर्मत सुधारका लागि थप रकम निकासा

| प्रदेश | स्थानीय तह | निकासा रकम |
|---|---|---|
| प्रदेश नं. १ | १० | रु. २४,३१,६२५ |
| प्रदेश नं. २ | ८ | रु. ३७४८५०० |
| बागमती प्रदेश | १ | रु. २,४१,३२५ |
| गण्डकी प्रदेश | ९ | रु. १८,६०,१७५ |
| प्रदेश नं. ५ | २० | रु. ३,८४,७२,३५० |
| कर्णाली प्रदेश | ११ | रु. १,४१,७९,३७५ |
| सूदूरपश्चिम प्रदेश | १० | रु. २,७५,३५,५५० |
| जम्मा: प्रदेश ७ | ६९ | रु. ८,८४,९८,९०० |

यो रकम Covid Management Information System (CMIS) को तथ्यांकलाई आधार मानेर तय गरिएकोले वितरण प्रणाली केही बैज्ञानीक देखिन्छ । हरेक स्थानीय तहलाई कति कति रकम निकासा गरियो, पूर्ण विवरण तलको लिंकमा हेर्न सकिन्छ ।

स्रोत: https://www.opmcm.gov.np/wp-content/uploads/2020/07/Corona-Fund-8th-meeting-2077-3-23.pdf

## नेपाल अपडेट



जलेश्वर अस्पतालको आईसोलेशनबाट सञ्चो भएर घर फर्कने क्रममा ७ जना युवा

तस्बिर: राकेश प्रसाद चौधरी

### परिक्षण

पिसिआर परिक्षण: २,८९,३७१
पोजेटिभ: १६,९४५
उपचाररत: ६,६१३
मृत्यु : ३८




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



अहिले पैसा तिरेर पनि कोरोनाको परीक्षण गर्न पाईन्छ रे । त्यस्तो सुविधा कहाँकहाँ उपलब्ध छ ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका भन्दा बाहेकका नमुना परीक्षणको लागि सरकारले ५ हजार ५ सय शुल्क लिएर परीक्षण गर्न अनुमती दिएको छ । प्रदेश नं. १ मा कोशी अस्पताल - बिराटनगर, प्रदेश नं. २ मा नारायणी अस्पताल - पर्सा, बागमती प्रदेशमा वीर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल र पाटन अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान - कास्की, कर्णाली प्रदेशमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला - सुर्खेत र सुदूरपश्चिम प्रदेशमा प्रादेशिक प्रयोगशाला - धनगढीलाई यस्तो अनुमती दिएको छ ।

स्रोत: https://drive.google.com/drive/folders/1pzWFyFOnerOX-7DCM7cbRm7wQRTI0K-d



कोरोनाका कारण सबै सार्वजनिक यातायातको भाडा एकै पटक ५० % ले बृद्धि भएको हो ।

सार्वजनिक यातायातमा चालक सहित सिट क्षमताको बढीमा ५० प्रतिशत यात्रु रहने र सरकारले तोकेका मापदण्ड पालना गर्ने गरी तोकिएको भाडादरको ५० प्रतिशत थप भाडा लिन पाउनेछन् । तर, ट्याक्सीको हकमा यो नियम लागु हुने छैन । हाललाई यो व्यवस्था साउन ६ गते मंगलबार सम्मलाई मात्र लागु हुनेछ ।

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-2077-03-25



वैदेशिक रोजगारीमा गएका व्यक्तिका छोराकोरीलाई सरकारले छात्रवृत्ति दिन्छ भन्थे । श्रिमान वैदेशिक रोजगारीमा गएको ४ वर्ष भयो खै, हाम्रो छोराछोरीले त छात्रवति पाएनन् त ?

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु तथा अंगभंग भई वैदेशिक रोजगार बोर्डबाट सतप्रतिशत आर्थिक सहायता प्राप्त गर्ने श्रमिकका परिवारका छोराछोरीलाई शैक्षिक छात्रवृत्ति दिने भनेको हो । वैदेशिक रोजगारीमा हुँदैमा उनिहरुका छोराछोरीले यो छात्रवृत्ति पाउँदैनन् ।

स्रोत: http://www.fepb.gov.np/detail/84/suchana



कोरोना महामारीको समयमा महिलामाथि हुने यौनजन्य दुव्यवहारका घटना गोपनियता भंग हुने डरले दर्ता हुन कमी भयो रे नी त ।

यस कुरालाई मध्यनजर गरी, कोभिड - १९ संकटको समयमा क्वारेन्टाईन तथा बाहिर रहेका महिला तथा बालबालिका माथि हुन सक्ने यौनजन्य दुर्व्यवहार र शोषण हुनबाट संरक्षण गर्न र हिंसा भईहालेको अवस्थामा उनिहरूलाई सुरक्षित र गोपनीय ढंगबाट गुनासो सुनुवाई गर्ने उद्देश्यले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत ७५३ वटै स्थानीय तहलाई पत्राचार गरेको छ । यो व्यवस्था Inter – Agency Standing Committee (IASC) ले बनाएको क्ष्लतभचछ ल्यतभ अनुसार हुनेछ । विस्तृतमा बुझ्न तल दिईएको लिंक हेर्नुहोला ।

स्रोत: https://www.mofaga.gov.np/uploads/notices/Notices-20200712142348915.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

**३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | २,३२,२५९ | ५५,५०८ | ३२,९४१ | १,०३,५९८ | ३२,९४१ | ५८,१७९ | ८,७२५ | १,३४९ |
| नेपाली संक्रमित | १७५० | १००० | ४५१ | २०,६०० | २००० | ४५ | ८१ | |
| मृत्यु भएका नेपाली | ९ | ४ | ३ | ७ | २५ | १ | | |



गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## यूएईमा Covid-19 सम्बन्धी जरिवाना माफ

तपाई यूएईमा हुनुहुन्छ ? Covid-19 सम्बन्धी जरिवाना तिर्नु परेको छ, तर त्यो तपाईले गल्ती नगर्दा पनि सिस्टमको कारणले जरिवाना तिर्नु परेको छ ? वा जानि जानी लापरबाही गर्नु भएको थिएन र पनि जरिवाना तिर्नु परेको छ ? यस्तो हो भने, जरिवाना माफ गरीपाउँ भनि अपिल गर्न सक्नुहुन्छ । त्यसको लागी निम्न कागजपत्र पेश गर्नुपर्नेछ:

- ईमिरेट्स आईडि को कपी
- जरिवाना लागेको पेपर
- अरु सपोर्टिभ डकुमेन्ट

### कसरी अप्लाई गर्ने ?

- पहिले https://bit=ly/3b3nSvR मा जाने ।
- कहिले, कहाँ र के सम्बन्धी जरिवाना भएको हो भनेर विस्तृ रुपमा फारम भर्ने ।
- सपोर्टिभ डकुमेन्ट अपलोड गर्ने ।

### कती दिन लाग्छ ?

- साधारण तया १० दिन लाग्न सक्छ ।

Calendar

### के हुन्छ ? के मेरो जरिवाना माफ हुन्छ ?

- अपिल स्विकार भयो भने, तपाईंको जरिवाना माफ हुन्छ ।
- अपिल अस्विकार भयो भने, तपाईंको जरिवाना माफिमा कुनै हेरफेर हुने छैन ।
- हैन भने अपिल गरिएको निवेदनको अवस्था हेरेर जरिवाना रकममा केहीहदसम्म कमी हुनसक्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## सुदूरपश्चिम प्रदेशका स्थानीय तहमा निकासा गरिएको रकम



रु. १,६२,००,०००
५४ गाउँपालिका



रु. १,३२,००,०००
३३ नगरपालिका




रु. ५,००,०००
१ उप-महानगरपालिका



**रु. २,९९,००,०००**

स्थानीय तहमा निकासा गरिएको जम्मा रकम

# $ फलो द मनी - खर्चको अर्थ

## सुदूरपश्चिम प्रदेशमा २०७७ साल असाढ महिना सम्म कोरोना प्रतिकार्यमा गरिएको खर्च




नेपालमा कोरोनाबाट संक्रमितको संख्या धेरै भएका ठाउँ मध्ये सुदूरपश्चिम प्रदेश एक हो । त्यसैले यहाँ उपकरण खरिदमा धेरै रकम खर्च हुनु स्वभाविक हो । तर, राहत वितरणमा भने धेरै नै खर्च भएको देखिन्छ । यद्यपी राहत पाउने घरधुरी कती हो भनेर सार्वजनिक गरिएको छैन । यदि नेपाल सरकारले तय गरेको राहत वितरणको मापदण्ड अनुसार हरेक घरधुरीलाई रु. १२५० का दरले राहत वितरण गर्ने हो भने, जम्मा १ लाख २२ हजार घरधुरीले राहत पाएको अनुमान लगाउन सकिन्छ । यसको मतलब सुदूरपश्चिम प्रदेशमा रहेका जम्मा घरधुरी मध्ये २६% घरधुरीले सरकारबाट राहत पाईसके । जुन धेरै हो । देशैभरी आईसोलेशनमा बसेका जम्मा १६०० जनाको तथ्यांकलाई आधार मान्ने हो भने, राहत पाउनेको यो संख्या धेरै नै हो । त्यसै गरेर, क्वारेन्टाईनको व्यवस्थापन राम्रो भएन भन्ने व्यापक जनगुनासोलाई हेदा र क्वारेन्टाईनमा अधिक चापका कारण संक्रमण सर्ने उच्च जोखिमलाई हेर्ने हो भने, प्रदेश सरकारले क्वारेन्टाईन व्यवस्थापनमा बढी खर्च गर्दा उपयुक्त हुन्थ्यो ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# सिम्ता गाउँपालीका उदाहरण बन्दै । कसरी एउटा पालिका कोरोना महामारीको संकटबाट मुक्त हुन सक्छ ?

## सुरुको अवस्थामा पालिकाले भोग्नुपरेका चुनौति



१. नयाँ संक्रमणले सुरुमा के गर्ने कसो गर्ने भन्ने भयो ।

२. २७५० जना एकै पटक भारत तथा तेस्रो मुलुकबाट (८० प्रतिशत भन्दा बढी भारतबाट) पालिकामा आउँदा व्यवस्थापकिय कठिनाई भयो ।

३. पालिकाको २२ प्रतिशत भन्दा बढी कुल आमदानीको आयस्रोत वैदेशिक रोजगारीबाट आउँथ्यो, त्यो गुम्यो ।

४. बाहिरबाट आउने र स्थानीय बिच भौतिक दुरी पालना भएन, तर सामाजिक दुरी कायम भयो ।

५. जनप्रतिनिधिमा आफु पनि बच्नु पर्ने र अरुलाई पनि बचाउनु पर्ने नैतिक र मानविय बाध्यता एकै पटक आयो ।

## योजनावद्ध प्रतिकार्य



१. पालिकाले कोरोना महामारीलाई विश्व युद्ध भन्दा पनि ठुलो युद्धको रुपमा लियो ।

२. पालिकाले लकडाउन सुरु भएदेखी नै 4R (Record, Regulate, Recognize and Report) को शिद्धान्तमा काम गर्ने योजना बनायो ।

३. ४७० जना स्यम्सेवक सहितको युनिक एक्सन टिम गठन भयो ।

४. विकेन्द्रिकृत रुपमा आम नागरिकको सहभागितालाई मध्यनजर गरी वस्ती स्तरमा ७२ वटा समुह गठन गरी परिचालन गरियो ।

५. हरेक २४ घण्टामा वडाबाट पालिका, पालिकाबाट जिल्ला र जिल्लाबाट प्रदेशमा रिर्पोट गर्ने गरी संयन्त्र निर्माण भयो ।

६. ७७८ ज्येष्ठ नागरिक, ५५४ दिर्घ रोगी र ७५७ जना अपांगता भएका व्यक्तिको तथ्यांक संकलन गरी राहत कार्यक्रम लागु भयो

वर्तमान अवस्थामा क्वारेन्टाईनमा बसेका ७५० जना र पिसिआर पोजेटिभ देखिएका ५ जना सबै सञ्चो भएर घर फर्किसके । यसरी हेर्दा सिम्ता गाउँपालिकालाई कोरोना मुक्त पालिका भन्दा फरक पर्दैन ।

## अब के गर्ने ?



१. अबको नीति र बजेट कोरोना विशेष बनाउने ।

२. विदेशबाट आउन गुमेको २२ प्रतिशत आयस्रोतलाई पालिकामा आर्थिक कृयाकलाप विस्तार गरी परिपूर्ती गर्ने ।

३. आर्थिक, सामाजिक र पूवाधार विकास संगसंगै जोडेर लैजाने ।

४. स्वास्थ्यसंग अन्तरसम्बन्धित विषयवस्तुलाई प्राथमिकतामा राख्ने ।

५. सामाजिक सद्भालाई जोड दिने ।

प्रस्तुत सामाग्री सिम्ता गाउँपालिका, सुर्खेतका अध्यक्ष कबिन्द्र कुमार केसीसंगको सम्वादमा आधारीत छ ।



## मञ्जु मलासि

प्रमुख

दिपायल सिलगढी नगरपालिका, डोटी

"कोरोना महामारीसंगै हामी जनप्रतिनिधिलाई एकैपटक रोगसंग, समाजसंग र विदेशबाट आएका व्यक्तिसंग लड्नुपर्‍यो । रोग अपरिचित थियो, समाजले सम्भावित संक्रमितलाई व्यवस्थापन गर्न दिदैनथ्यो भने, विदेशबाट आएकाहरु क्वारेन्टाईनमा बस्नै नमान्ने । घरघरमा गएर, व्यक्ति व्यक्तिलाई भेटेर काउन्सलिङ गरेर अवस्था सामान्य बनायौं । अब आर्थिक विकासको लडाई लड्ने बेला आयो, यसको तयारी गर्दैछौं ।"

## पदम बडुवाल



प्रमुख

बडीमालिका नगरपालिका, बाजुरा

" कोरोनाको संत्रास पछि बाजुरामा भारतबाट आउनेको संख्या एकै पटक बढ्यो । संक्रमण फैलिने जोखिम पनि त्यत्तिकै थियो । तर, म आफै खटिने मान्छे भएकोले व्यवस्थापनमा त्यति कठिनाई भएन । पालिकामा सञ्चालित ९ वटा क्वारेन्टाईनमा ४९१ जना व्यक्ति बसे । ५९ जनामा संक्रमण देखियो । एक जना बालिकाको मृत्यु भयो, तर अन्तिम संस्कार गर्न कसैले मानेन् । जिल्ला प्रहरी प्रमुखसंग म आफै गएर अन्तिम संस्कार गरे । अहिले क्वारेन्टाईन र आईसोलेशन शुन्य भईसकेकाछन् । नागरिक रहे मात्र म नेता रहन्छु भन्ने कुरामा म जहिले पनि विश्वास गर्दछु ।"



## गुमादेवी आचार्य

उप-प्रमुख

बुटवल उप-महानगरपालिका, रुपन्देही

"कोरोनाको जोखिम बढ्यो भन्ने सुन्दा मनमा डर लाग्यो । आत्मबल बढाउने खालका युट्युब च्यानल हेरे । जिम्मेवारीमा भएका कारण डराएर घरमै बस्न छुट थिएन । लकडाउनका कारण हातमुख जोर्न नसक्ने अबस्थामा पुगेका मजदुरको तथ्याङ्क संकलन गर्ने र राहत बितरण गर्ने कार्यमा जुटियो । क्वारेन्टाईनमा बस्नेको संख्या अहिले घटिरहेको छ । त्यसक( ारण, क्वारेन्टाईनको संख्या नबढाउने, भएकालाई थप व्यवस्थीत गर्ने र होम क्वारेन्टाईनलाई प्राथमिकतामा राख्ने अवको योजना छ ।"

सही सूचना

# अझै पनि नेपालमा युवाहरु कोभिड - १९ बाट बढी संक्रमित छन्

## नेपालमा उमेर समुह अनुसार कोभिड - १९ बाट संक्रमितको संख्या




माथिको ग्राफले सबै भन्दा धेरै २१ देखी ३० वर्ष समुहका युवाहरुमा कोभिड - १९ को संक्रमण भएको देखाउँछ । यो केस सबैभन्दा धेरै वैदेशिक रोजगारीबाट फर्किएका युवामा देखिएको छ । तर, लकडाउन खुकुलो भएकोले सुरक्षा उपायलाई बेवास्ता गर्ने युवाहरुमा संक्रमण बढ्नसक्छ । ६० वर्ष भन्दा बढी र १० वर्ष भन्दा कम उमेरका बालबालिकामा पनि धेरै संक्रमण पुष्टि भएको छ । यसले समुदाय स्तरमा पनि संक्रमण फैलिसक्यो भन्ने बुझाउँछ । त्यसैले, घर बाहिर निस्किदा कोभिड - १९ को संक्रमण सर्न सक्ने सम्भावना हुँदा, सावधानी अपनाउन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि जुलाई महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219